नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
प्रशासन
(................................. शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

२०८२/८३/१/११

पत्र संख्या:-
प्राप्त पत्र संख्या:- ..............
च.नं.:- ३४९

मिति : २०८२/०७/१९
नेपाल संवत् ११४६

**विषय :- तथ्याङक संकलन तथा प्रविष्टि सम्बन्धमा ।**

**श्री नापी कार्यालय, सबै ।**
**श्री विशेष नापी कार्यालय, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (योजना अनुगमन तथा मूल्यांकन महाशाखा), नापनक्सा भौगोलिक सूचना तथा भू-उपयोग शाखाको प.सं.३.३/ना.भौ./२०८१/८२ च.नं १८०, मिति २०८२/०७/१८ को पत्रसाथ प्राप्त राष्ट्रिय योजना आयोगको प.सं.२०८२/८३, च.नं.७२, मिति २०८२/०७/०९ को पत्रानुसार मिति २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भएको क्षतिको मूल्याङ्कनको लागि तथ्याङ्क संकलन कार्य प्रारम्भ गरिएको हुँदा तहाँ कार्यालयहरुमा भएको क्षतिको तथ्याङ्क संकलन कार्यको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय योजना आयोगबाट खटाइएको टोलिसँग आवश्यक समन्वय गरी जिल्लाबाटै राष्ट्रिय योजना आयोगले तयार गरेको अनलाईन पोर्टलमा तथ्याङक प्रविष्टि गर्नुहुन एवम् काठमाण्डौ उपत्यकाको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय योजना आयोगबाट खटाइएको टोलिसँग आवश्यक समन्वय गरी राष्ट्रिय योजना आयोगले तयार गरेको अनलाईन पोर्टलमा तथ्याङ्क प्रविष्टि गरी सोको जानकारी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र यस विभागको योजना तथा जग्गा प्रशासन शाखाको email : planning@dos.gov.np मा समेत उपलब्ध गराउनु हुन प्राप्त पत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५


# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)
नापनक्सा भौगोलिक सूचना तथा भू-उपयोग शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्याः ३.३/ना.भौ./२०८१/८२
च.न. १८०

मितिः २०८२/०७/१८
नेपाल संवत् ११४६

**विषयः तथ्याङ्क संकलन तथा प्रविष्टि सम्बन्धमा।**

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं ।
श्री नापी विभाग, मिनभवन, काठमाडौं ।
श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं ।
श्री भूमि समस्या समाधान आयोग ताहाचल, काठमाडौं ।
श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण पुल्चोक, ललितपुर ।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाडौं ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल।
श्री कर्जा असुली न्यायाधिकरण, नयाँ बानेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको प.सं. २०८२/८३, च.नं. ७२, मिति २०८२/०७/०९ को पत्रानुसार मिति २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको क्षतिको मूल्याङ्कनको लागि तथ्याङ्क संकलन कार्य प्रारम्भ गरिएको हुँदा तहाँ विभाग अन्तर्गतका कार्यालयहरुमा भएको क्षतिको तथ्याङ्क संकलन कार्यको लागि सम्बधित जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय योजना आयोगबाट खटाइएको टोलिसंग आवश्यक समन्वयगरी जिल्लाबाटै राष्ट्रिय योजना आयोगले तयार गरेको अनलाईन पोर्टलमा तथ्याङ्क प्रविष्टि गर्नुहुन एवम् काठमाडौं उपत्यकामा भएका कार्यालयहरुले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय योंजना आयोगबाट खटाइएको टोलिसंग आवश्यक समन्वयगरी राष्ट्रिय योजना आयोगले तयार गरेको अनलाईन पोर्टलमा तथ्याङ्क प्रविष्टि गर्नका लागि यस मन्त्रालयमा क्षतिको तथ्याङ्क विवरण समेत पठाउनुहुन प्राप्त पत्रको प्रतिलिपि यसैसाथ संलग्नगरी पाठइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..........................
(स्वदेश राज चौधरी )

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः २०८२/८३
चलानी संख्याः ८२

सिंहदरबार, काठमाडौं

मितिः २०८२/०७/०९

श्री संघीय ससद् सचिवालय, श्री सर्वोच्च अदालत।
श्री संघीय मन्त्रालयहरु, संवैधानिक आयोगहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह (सबै)

**विषयः तथ्याङ्क संकलन तथा प्रविष्टि सम्बन्धमा ।**

प्रस्तुत विषयमा सम्वत् २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन तथा पुनःनिर्माण योजना तयारीको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ असोज ५ गतेको निर्णय बमोजिम राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको व्यहोरा अवगत नै छ । आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्ने र सार्वजनिक सम्पत्तिको पुनःनिर्माण योजना तयार गर्ने समितिको कार्यादेश रहेको छ । क्षतिको मूल्याङ्कनको लागि तथ्याङ्क संकलन कार्य प्रारम्भ गरिएको र तथ्याङ्क संकलनमा एकरुपता एवम् सहजिकरणका लागि समितिले तयार गरेको अनलाईन पोर्टलमा तहाँ मन्त्रालय/निकायको तथ्याङ्क प्रविष्टी गर्न एक अधिकृत स्तरको इन्जिनियर वा अधिकृत स्तरको कर्मचारी तोकी आवश्यक विवरण प्रविष्टि गर्नु हुन आदेशानुसार अनुरोध छ ।

यस सम्बन्धमा तहाँ मन्त्रालय/निकाय/कार्यालयमा उपलब्ध सूचना वा तथ्यको आधारमा स्थानीय तहले स्थानीय तह अन्तर्गतका कार्यालय, स्थानीय तह भित्रका निजी प्रतिष्ठान र सामुदायिक तथा व्यक्तिगत सम्पत्तिमा भएको क्षतिको तथ्याङ्क र विवरण प्रविष्टि गर्ने, प्रदेशले प्रदेश अन्तर्गतका निकायको क्षतिको तथ्याङ्क र विवरण प्रविष्टि गर्ने, संघीय मन्त्रालय/निकायले आफ्नो निकायको क्षति संकलन गर्ने गरी जिम्मेवारी तोकिएको छ । उल्लेखित अनलाईन पोर्टलमा तथ्याङ्क संकलनको लागी प्रयोगकर्ता पुस्तिका (User Manual) तथा तथ्याङ्क संकलन मार्गदर्शन समेत यसै पत्र साथ संलग्न गरी प्रेषित गरिएको छ। जिल्लागत रुपमा तथ्याङ्क संकलनमा आवश्यक सहजिकरण र समन्वय गर्न समितिले रा.प. द्वितिय तह उपसचिव स्तरका कर्मचारीको संयोजकत्वमा इन्जिनियर कर्मचारी समेतको टोली एक हप्ताको कार्यादेश सहित क्षति भएका जिल्लामा खटाइएको छ र सो टोलीले यस कार्यमा आवश्यक सहयोग र सहजिकरण गर्नेछ। क्षतिको तथ्याङ्क र विवरण संकलन कार्य ५ (पाँच) दिनभित्र सम्पन्न गर्ने लक्ष्य रहेकोले तोकिएको समय सीमा भित्र अनलाइन पोर्टलमा तथ्याङ्क प्रविष्टी गर्नुहुन आदेशानुसार अनुरोध छ।

प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा
भूमि व्यवस्थापन महाशाखा

(हरिशरण [illegible])